सुन्दरहरैँचा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
मोरङ, कोशी प्रदेश, नेपाल

## सुन्दरहरैँचा नगरपालिकाको मिति २०८१ माघ २१ गतेको २/१३३ औं नगर कार्यपालिकाको बैठकका निर्णयहरू

| निर्णय नं. | शाखा/उपशाखा/इकाई | निर्णयको सङ्क्षित व्यहोरा |
|---|---|---|
| १. | उद्योग, सहकारी तथा रोजगार प्रवर्धन उपशाखा | कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ र युवा रोजगारका लागि रूपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ बमोजिम छनौट भएका १७ वटा आयोजनाहरू सञ्चालन गर्ने। |
| २. | न्यायिक समितिको सचिवालय/राजश्व प्रशासन शाखा/आर्थिक प्रशासन शाखा/ उद्योग, सहकारी तथा रोजगार प्रवर्धन उपशाखा /सामान्य प्रशासन तथा क्षमता विकास शाखा | पन्ध्रौँ नगर सभामा देहाय बमोजिमका विधेयकहरू पेश गर्नेः<br>देहायः<br>(क) न्यायिक समितिले उजुरीको कारबाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१<br>(ख) न्यायिक समितिको फैसला तथा मिलापत्र कार्यान्वयन विधेयक, २०८१<br>(ग) सुन्दरहरैँचा नगरपालिकाको आर्थिक विधेयक, २०८१ लाई संशोधन गर्न बनेको विधेयक, २०८१<br>(घ) सुन्दरहरैँचा नगरपालिकाको विनियोजन विधेयक, २०८१ लाई संशोधन गर्न बनेको विधेयक, २०८१<br>(ङ) सहकारी ऐन, २०७५ लाई दोस्रो पटक संशोधन गर्न बनेको विधेयक, २०८१<br>देहाय बमोजिमका मापदण्ड र कार्यविधि स्वीकृत गर्नेः<br>देहायः<br>(क) करार तथा अस्थायी सेवाका कर्मचारीलाई विशेष सुविधा सहित अवकाश दिने सम्बन्धी मापदण्ड, २०८१<br>(ख) सूचना तथा सञ्चार कार्यविधि, २०८१ |
| ३. | योजना प्रशासन तथा अनुगमन शाखा | नगर विकास कोष र इन्द्रपुर खानेपानी तथा सरसफाई आयोजना उपभोक्ता समिति बीच हुने ऋण सम्झौतामा धन जमानीमा हस्ताक्षर गर्न वडा नं. १० का वडा अध्यक्ष श्री राजकुमार राईलाई अख्तियारी दिने। |
| ४. | कृषि विकास उपशाखा | सुन्दरहरैँचा-७ मा निर्माण सम्पन्न भएको शीत भण्डार गृह सञ्चालनका लागि देहाय बमोजिम मूल्य निर्धारण गरी शीत भण्डार गृहको भाडाको सूचना निकाल्ने।<br>देहायः<br>पहिलो वर्ष न्यूनतम मूल्य (वार्षिक) रु. ४,४०,०००/- र वार्षिक रूपमा १० प्रतिशत मूल्य वृद्धि हुने गरी। |
| ५. | योजना प्रशासन तथा अनुगमन शाखा | वडा नं. २ को वडा समितिबाट सिफारिस भए बमोजिम आयोजनाको नाम संशोधन गर्ने।<br>संशोधन भई कायम भएको आयोजनाको नामः उफ्रौलिया ठडिया जोड्ने बाटोमा ग्राभेल गर्ने कार्य सु.ह. २ |
| ६. | लैंगिक समानता तथा सामाजिक समावेशीकरण उपशाखा | देहाय बमोजिमका संस्थाहरूलाई आर्थिक सहायता प्रदान गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिनेः<br>देहायः<br>(क) नेपाल तामाङ घेदुङ नगर कार्य समितिलाई रु. ५० हजार<br>(ख) नेपाल किरात कुलुङ भाषा संस्कृति उत्थान संघ नगर इकाई समिति, सु.ह. १० लाई रु. ३० हजार<br>(ग) मंगल स्मृति प्रतिष्ठान नेपाल इन्द्रपुर, सु.ह. ९ लाई ३ लाख<br>(घ) इन्द्रपुर नेवा पुचः सुन्दरहरैँचालाई रु. ५० हजार |

सुन्दरहरैंचा नगरपालिका नगरकार्यपालिकाको कार्यालय मोरङ, कोशी प्रदेश, नेपाल २०७३

| निर्णय नं. | शाखा/उपशाखा/इकाई | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| ७. | सामान्य प्रशासन तथा क्षमता विकास शाखा | नायब प्राविधिक सहायक (बाली संरक्षण)/सहायकस्तर चौथो तहमा कार्यरत कर्मचारी श्री अनुषा थापा मगर (क.स.नं. २३३११२) को मिति २०८१/११/०१ देखि लागू हुने गरी थप २ वर्षका लागि तलबी अध्ययन विदा स्वीकृत गर्ने। |
| ८. | सूचना प्रविधि तथा तथ्याङ्क व्यवस्थापन शाखा | स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन (LISA) को अन्तिम नतिजा औसत अङ्क ८९.२५ % लाई अनुमोदन गरी नगरपालिकाको वेबसाइट मार्फत सार्वजनिक गर्ने। |
| ९. | योजना प्रशासन तथा अनुगमन शाखा | विशेष अनुदान र समपूरक अनुदानका लागि छनौट भएका देहाय बमोजिमका आयोजनाहरू राष्ट्रिय योजना आयोगमा लेखी पठाउने।<br>देहायः<br>**विशेष अनुदान तर्फका प्रस्तावित आयोजनाहरू:**<br>१. सुन्दरहरैँचा नगर अस्पतालको भवन निर्माण सु.ह.-१<br>२. पूर्वाञ्चल विश्वविद्यालय पूर्व-पश्चिम करिडोर वाकिङ स्ट्रिट सहितको कालोपत्रे (सु.ह.-५, ६, ७, ८, ९ र १०)<br>३. इन्द्रपुर रङ्गशाला निर्माण सु.ह.-९<br>४. सुन्दरहरैँचा नगर अस्पतालका लागि उपकरणहरू व्यवस्थापन सु.ह.-१<br>५. लोहन्द्रा खोला तटबन्ध तथा पानीको मुहान संरक्षण सु.ह.-१ र ११<br>**समपूरक अनुदान तर्फका प्रस्तावित आयोजनाहरू:**<br>१. लाटीझोडा रिङरोड कालोपत्रे निर्माण कार्य सु.ह.-५<br>२. रातो कल पूर्व-पश्चिम बाटो कालोपत्रे निर्माण कार्य सु.ह.-८<br>३. गछिया खोला तटबन्धन गर्ने कार्य सु.ह.-३ र ७<br>४. सुन्दरहरैँचा नगर चक्रपथ बाँकी सडक खण्ड निर्माण सु.ह. ५, ६, ७, ८, ९ र १०<br>५. सुकुना खोला करिडोर निर्माण सु.ह.-१२ |
| १०. | योजना प्रशासन तथा अनुगमन शाखा | तराई मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०८१ अनुसार आगामी आ.व. २०८२/०८३ का लागि छनौट भएका देहाय बमोजिमका आयोजनाहरू तराई-मधेश समृद्धि कार्यक्रम, केन्द्रीय समन्वय इकाई, सिंहदरबार, काठमाडौँमा लेखी पठाउने।<br>देहायः<br>१. गछिया जेसिसको अधुरो भवन निर्माण कार्य सु.ह. ३ (प्रस्तावित रकम– रु. १ करोड)<br>२. वासुकी ताल पूर्व बेलबारी जोड्ने सडक कालोपत्रे गर्ने कार्य सु.ह. १० (प्रस्तावित रकम– रु. १ करोड)<br>३. श्रीलाल आधारभूत विद्यालय छेउको बाटो कालोपत्रे गर्ने कार्य सु.ह. ५ (प्रस्तावित रकम– रु. ५० लाख)<br>४. आमजुँगीदेखि पश्चिम तर्फको वडा कार्यालय जोड्ने बाटो कालोपत्रे गर्ने कार्य सु.ह. ३ (प्रस्तावित रकम– रु. १ करोड)<br>५. शुक्रबारे हुँदै गोविन्दपुर बग्ने किस्ती पैनी ड्रेन निर्माण कार्य सु.ह. ११ (प्रस्तावित रकम– रु. १ करोड) |